# A Trilingual Dictionary
*of*
# The Magar Language
(Athāra Magarāt)

*Five percent of the returns obtained from the sale of this book will go to the treatment of cancer and HIV/AIDS patients.*

**A Trilingual Dictionary of The Magar Language** (Athāra Magarāt)


| | |
|---|---|
| Publisher : | **Jitman Pun Magar**<br>Kakri-4, Rukum, Nepal |
| Edition : | **Fourth** (July 2011) |


| | |
|---|---|
| © : | **Karna Bahadur Budha Magar** |


| | |
|---|---|
| Layout and Cover Design : | **Kaushal Khaki** |
| Printed at : | **Gaumukhi Offset Press**<br>Bagbazar, Kathmandu |
| Price : | **Rs. 1,000/-**<br>**Rs. 1,800/-** (Official)<br>**US$ 50.00** |

ISBN : 978-9937-2-3701-7

## EDITORIAL BOARD

Project Supervisor
**Prof. Govinda Raj Bhattarai, PhD**

Editor-in-Chief
**KARNA BAHADUR BUDHA MAGAR**

Editor
**Bal Ram Adhikari**

Guest Editor
**Surendra Pun Magar**

Project Director
**Laxman (Marke) Budha Magar** and **Jitman Pun Magar (Marshal)**

Pronunciation
**Prof. Madhav Pd. Pokharel, PhD**

Devanagari Standardization
**Prof. Hemanga Raj Adhikari, PhD**

Research Assistant
**Chhimi Pun Magar**
**Shrawan Kumar Pun Magar**

Lexicography Consultant
**Dhan Bdr. Roka Magar**

Lexical Support
**H'ble Bam Kumari Budha Magar**, **Gaju Pun**,
**Shirkumari**, **Ain Kumari**, **Late Laxmi (Lahari)**, **Dilpuri Budha Magar**

*I am forever indebted to*

The Government of Nepal, Ministry of Local Development, Foundation for Development of Indigenous Nationalities; World Magar Federation, Belgium; Magar Sewa Samiti, Tokai, Japan; Jitman PunMagar (Marshal); Surendra Pun Magar; Birjang, Nidhan, Dilkumar, Janak, Shirkumar, Bikram Budha Magar from Rukum; Birprasad Gharti Magar, Surya Budha Magar from UK; Barmaya Budha Magar USA.

*I should thank to*

Baglung –Jhakendra, Purna Bahadur Gharti; Parbat –Bhim Bahadur Pun; Pyuthan – Bhoj Bikram Budha; Rolpa –H'ble Onsari Gharti, Kulman, Man Bahadur, Nisha Budha, Navin, Jeevan and Narayan Roka, Purnima Gharti; Rukum –H'ble Lokendra Bista, Bal Man Pun, Harka B. Gharti, Maite and Rup Lal Budha; Rupandehi –Tularam (Basanta) Gharti; Syangja –Bishnu Kumar Sinjali, Mek B. Rana; Udayapur – H'ble. Ashok Rai.

**Editor-in-Chief**

# खण्ड - एक

# समर्पण

असामयिक निधन भोग्ने तिनै प्यारी बहिनी लक्ष्मी (लहरी) बुढामगर (२०२८ भाद्र - २०६८ श्रावण) मा, जसले कहिल्यै सुख र सन्तोषको श्वास फेर्न पाइनन्; सधैँ उपेक्षा, अपमान, सन्ताप र अभावमा बाँच्नु पऱ्यो; तथापि यस कोश निर्माणको लामो कालखण्डमा निरन्तर रूपले मेरो अभिन्न सहयोगी थिइन् ।

*- कर्ण*



# In Memorium

*In fond memory of Laxmi (Lahari) Budha Magar, dearest of sisters, who met an untimely death (1975 June - 2011 July), who could never experience peace, prosperity and happiness in her life; who despite all suffering, hatred, ignorance did provide me unremitting support in course of the long, strenuous task of making this dictionary. Let her soul reside in the abode of peace.*

*- Karna*

# प्रकाशकीय

भाषा मानवीय संवेदना, अनि अभिव्यक्तिको सशक्त माध्यम हो। यसले विचार विनिमयको सेतुको काम गर्दछ। भाषाविना मान्छेलाई परस्परमा आफ्ना विचारहरू अभिव्यक्त गर्न असम्भव हुन्छ। भाषाले एक अर्कालाई बुझ्न, बुझाउन र चिन्न सजिलो पार्दछ।
विविधता हाम्रो देशको सौन्दर्य हो। विविधतामा एकता, सहिष्णुता, आपसी सद्भाव, भाषिक सामञ्जस्यताले यो सौन्दर्यलाई अरू निखारेको छ। हाम्रो देश संसारकै विविधतामा एकताको अनुपम नमूना हो। नेपालको सन्दर्भमा मगर जातिको अस्तित्व र पहिचान विशिष्ट खालको छ। यहाँका जात, जाति, भाषा र संस्कृतिमा रहेको विविधतामाथिको एकताले नेपाली राष्ट्रियतालाई अरू मजबुत तुल्याएको छ। यही विविधताको एउटा हिस्सा मगर जाति पनि हो। हाम्रो देशमा मगर जातिको महत्त्वपूर्ण स्थान छ। राष्ट्रको हरेक मुक्ति आन्दोलन र नयाँ नेपाल निर्माणको क्रममा यस जातिको सक्रिय भूमिकाकै कारण वर्तमानका सबै परिवर्तनहरू सम्भव भएका हुन् भन्ने हाम्रो दाबी छ। मगर समुदायभित्रको भाषा, कला र संस्कृतिले संसारमा देशको शिर उचो बनाएको छ, वीरताले विश्व हल्लाएको छ। मगर जाति आफैभित्र तीनवटा बहुभाषावक्ता भएको समुदाय पनि हो। चौधौं पन्ध्रौं शताब्दीतिर र सोभन्दा पहिले मगर जातिका आफ्नै राज्यहरू रहेको बारेमा इतिहास बोलिरहेको छ। देशमा भएका हरेक परिवर्तनहरूमा मगर जातिको सक्रिय भूमिका रहिआए तापनि तत्कालीन राज्यव्यवस्थाले न्याय गर्न सकेन। फलस्वरूप मगर जातिले आफ्नो भाषा, धर्म, कला र संस्कृति तथा भूमिमाथिको अधिकार गुमाउँदै गयो। यस जातिको वास्तविक विडम्बना यही हो। तत्कालीन राज्यव्यवस्थाले जति उत्पीडन र दमनमा राखेपनि मगर जातिले आफ्नो कर्तव्य कहिल्यै भुलेन, राज्यप्रतिको उत्तरदायित्त्वलाई बिर्सेन र देशको एकीकरण र परिवर्तनको महायात्रामा सामेल भयो। मगर युवाहरू अङ्ग्रेज विरुद्धको युद्धमा होमिए, राणाशासनका विरुद्ध बलिदानी दिए, निरङ्कुश राजतन्त्रका विरुद्धमा लडे। अझै पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आवाज उठाइरहेका छन्। तर आफ्नो भाषा, संस्कृति र धर्मलाई साविकको अवस्थामा जोगाउने कार्यमा मगर जाति सफल हुन सकेन। मगर जातिको यही इमान्दारिता र वीरतालाई राज्यबाट सही मापन हुन नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा मगर जातिको भाषा, धर्म, कला र संस्कृतिको संरक्षण र विकासमा सरकारी सहयोगभन्दा ज्यादा हाम्रो आफ्नै मिहिनेत र परिश्रम खर्च गरिहेका छौं।

भाषा कुनै पनि जातिको मौलिक पहिचानको माध्यम हुने गर्दछ। मगर भाषाले यो जातिको चिनारीको रूपमा काम गरेको छ। यसैले यसको संरक्षण र संवर्द्धन प्रक्रियाद्वारा मात्र

यसको विशिष्ट पहिचानलाई जोगाउन सकिन्छ। भाषामा रहेको विविधताले यसको सौन्दर्यको पृष्ठपोषण गर्दछ। मगर समुदायभित्र रहेको विविधताले यस जातिको विशेषतालाई सङ्केत गरेको छ। तर राज्य एक भाषिक नीति अङ्गीकार गर्दै विगत लामो समयदेखि एउटै भाषालाई मात्र काखी च्यापेर अघि बढ्यो। त्यसैले यसलाई तोड्न पनि मगर भाषाको विकास हुनु जरुरी छ। अनि महत्त्वपूर्ण उदाहरणसहित मगर समुदायले आफूमा रहेको विविधतालाई जोगाएर नमुना प्रस्तुत गर्नु आफ्नो भाषा र संस्कृतिप्रतिको दायित्वबोध पनि हो।

राज्यद्वारा आर्थिक, राजनैतिक र सांस्कृतिक रूपबाट यो समुदायमाथि तीव्र विभेद भइरहेको यो अवस्थामा भाषा र संस्कृतिको लागि अनवरत् सङ्घर्षरत् श्री कर्णबहादुर बुढामगर एउटा भाषिक र सांस्कृतिक जोधाहाको रूपमा स्वयम्लाई उभ्यान सफल व्यक्तित्वको रूपमा पनि चिनिन्छ। यसैले उनको प्रधान सम्पादकत्वमा सम्पादित यो महत्त्वपूर्ण दस्तावेज प्रकाशन गर्ने अवसर पाउँदा मैले गौरवको अनुभूति गरिरहेको छु। यसरी भाषा र संस्कृतिको यो शृङ्खलावद्ध लडाइमा एउटा कोशेढुङ्गा सावित भएको छ। खास गरी मगर समुदायभित्र विद्यमान सबै मगर भाषाहरूको संरक्षण र सम्वर्द्धन गर्ने जिम्मेवारी राज्यले लिनुपर्ने थियो। तर त्यसो हुन नसकी स्वयम् समुदायले लिनुपर्ने बाध्यताको वातावरण विद्यमान छ। अझै भन्नुपर्दा यो प्रयास व्यक्तिगत रूपमा भइरहेको छ। हामी मगर भाषाको विकासले मात्र मगर जातिको पहुँच र पहिचानलाई राज्यको हरेक निकायमा घनिभूत पार्दछ भन्ने यथार्थलाई बिर्सेका छैनौं। यसैले हाम्रो राज्याधिकारको आन्दोलनमा भाषिक आन्दोलनलाई प्राज्ञिक तहबाट पनि उठान गर्दैछौं। जबसम्म राज्यमा मगर जातिको निर्णायिक पहुँच हुँदैन, तबसम्म यस जातिको भाषा विकासमा राज्य बहिरो भएर बस्दछ भन्ने बुझाइबाट नेपाल मगर सङ्घ, विभिन्न राजनीतिक दलका मगर सम्वन्धि जातीय मोर्चाहरूलगायत सचेत सबै मगरहरू जातीय अधिकार प्राप्तिको आन्दोलनमा होमिएका छन्। मगरहरूको आदिभूमि मगरातको प्राप्तिपश्चात् मात्र यस जातिको भाषा, धर्म र पहिचानको विविध विकास सम्भव छ भन्ने यथार्थलाई समुदायले नजिकबाट बुझेको छ।

मगर जातिको लागि सबै मगर भाषा (अठार, बाह्र र काइके) हरू समान छन्। सबै मगर दाज्यूभाइ तथा दिदीबहिनीलगायत अन्य सम्बद्ध सबैसँग पनि यसरी नै समानताको व्यवहार गर्न अपेक्षा र अनुरोध छ। किनभने समानता र सहअस्तित्वद्धारा मात्र हाम्रो एकता मजबुत भएर जान्छ। हाम्रो साझा विकास सम्भव छ। समुदायभित्र यी तीनवटै मगर भाषाहरूले समान महत्त्व राख्नुपर्दछ। गतवर्ष नेपाल मगर सङ्घबाट बाह्र मगरात मगर भाषा (मगर ढूट) प्रकाशन भयो। यसैले यस वर्ष अठार मगरात मगर भाषाको शब्दकोश प्रकाशनमा व्यक्तिगत रूपले भएपनि लाग्यौं। यस वर्षको यो शब्दकोश प्रकाशनले अठार मगरात मगर भाषाले मात्र नभई सिङ्गो मगर समुदायले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ भन्ने हामीलाई लागेको छ। यो प्रयास मगर जाति र मगर भाषाको मात्र नभई नेपाल र नेपालीको हो। यसको अभिव्यक्ति माध्यम मगर भाषा रहेपनि यसको मूल मर्म भनेको नेपाली राष्ट्रियता हो। राष्ट्रप्रेमले ओतप्रोत भएर नै श्री बुढामगर राष्ट्रको भाषाको संरक्षण र विकासमा जुटेका हुन्। श्रोत साधनको सीमितता एवम् सामाजिक, राजनीतिक प्रतिकूलताका बीच पनि मगर समुदायको भाषा संरक्षण र विकासमा अहोरात्र जुटेका युवा श्री बुढामगरमाथि राष्ट्रले भरोसा गर्ने पर्याप्त आधार छ। आफ्नो भाषाप्रतिको ममतालाई काखी च्यापेर राष्ट्र र राष्ट्रियताको लागि उनको कलमयात्रा अनवरत

अगाडि बढिरहोस्। आफ्नो मातृभाषाबाट शुरुवात भएको लेखनारम्भ अनन्तकालसम्म रहिरहोस्। उनका भाषिक आन्दोलनका उत्साहप्रद पाइलाहरूले शिखर चुम्दै जाऊन् भन्ने शुभेच्छा व्यक्त गर्दछु र मगर समुदायको यो महत्वपूर्ण दास्तावेज प्रकाशन गर्ने अवसर प्रदान गरेकोमा श्री बुढामगरलाई धेरै धेरै धन्यवाद छ।

अन्त्यमा यस पुस्तक तयारीको क्रममा व्ययभार वहन गरिदिने तथा श्री बुढामगरलाई विभिन्न कोणबाट सहयोग र साथ दिने सङ्घ संस्था, व्यक्ति व्यक्तित्व, श्रोत व्यक्ति तथा प्राज्ञिक क्षेत्रमा मद्दत गर्ने विद्वत् वर्ग सबै धन्यवादका पात्र हुनुहुन्छ।

धन्यवाद !

***जितमान पुनमगर (मार्शल)***

## Publishers' Note

Language is the most powerful means of expressing human feelings and thoughts. It is the only socio-cultural property that unites the people within a group and also makes the group distinctive from the rest. Linguistic diversity is the beauty of our country. Linguistic coexistence has created unity in diversity. It has developed the sense of tolerance, mutual respect, cooperation and harmony among the people living in the country. When we talk of the Magars in Nepal, their existence and identity shows distinct qualities. The unity among the people of diverse ethnic identities, linguistic groups and traditions in Nepal has made her national unity very strong. The Magars constitute one important chip in the cultural mosaic of this nation. The Magars occupy a special identity in Nepal. We feel that in every case of freedom movement, in every step of nation building, they have contributed immensely. Their contribution is of historical significance in various aspects of nation building. Likewise, whatever changes have materialized at present, they are also largely the results of their contribution. Language, art and cultural heritage of Nepal have brought us immense glory from the world; the world has trembled with awe and admiration before the incomparable bravery of her people.

The Magars are divided into three groups of speakers. They themselves constitute multilingual speakers (more dialects or varieties).

History evidently shows that till the 14th or the 15th century, the Magars had their own principalities. Though the Magars had played a crucial role in nation building, the then rulers ignored their contribution. Consequently, they gradually lost their own language, religion, art, and their right to land. The former governments failed to do justice to them. Despite the fact that the then rulers forced the Magars to live a life of oppression, the latter never forgot their duty towards the land. And they fully cooperated with other groups of people in the campaign of the unification of the land and the great journey to the consequent change. They were involved in each and every campaign that led the nation to achieve what she has achieved today. They joined the war against the British, and against the Rānās they did sacrifice their lives, they were in the frontline in the fight against the monarchy. Still they were actively involved in the establishment

of Democratic Republic System of government. However, it is a sad fact that these people failed to preserve the status of their own languages, cultures and tradition. At this moment, when the rulers have still remained reluctant to protect the language, religion, culture and art of this important indigenous group, we have spent more of our own time and resources in order to preserve and develop our cultural heritage.

Language is the identity of people. The Magar language has introduced this indigenous group to the world. That is, we can protect and ensure the identity of the Magars only through the protection and presentation of its language. The variety one finds in a language supports and enriches its beauty. The diversity found among the Magar community indicates the special features of this group of people. Failing to recognize this, the government held a one-language policy for many years. It favoured and promoted the growth of a single language. Only recently all the languages spoken in different parts of the nations have been recognized as languages of the nation or national languages. But mere recognition is not sufficient for a language to grow. So it is our duty to work for the preservation and promotion of this language through whatever efforts we can make from our side.

It should have been the responsibility of the government. It is a sad fact that the community, which lacks necessary resources itself, has to take the initiation. Moreover, it is mostly happening through individual efforts. We are sure that it is only through the development of the Magar language we can ensure presence of the Magar people in all the sectors and units of the government. It is therefore we have incorporated the linguistic movement into our movement to statehood from the academic level as well. We know that so long as we do not ensure the decisive access of the Magars, the government will remain deaf to the question of language development. Bearing this truth in mind, we are fully dedicated to the cause of the rights to the indigenous people. It is because the development of the language, religion and its identity from various angles will be possible only after it has ensured the possession of its entire land, the Magarāt, that is, the land of the Magars.

For us all the Magar languages (Athāra, Bāhra, Kāike) are equally valuable. We also expect to behave with all the Magar friends, brothers and sisters in the same way. Naturally, unity among us will grow stronger only through the practice of equality and coexistence among us. We believe that equal development of all Magar-speaking communities is possible. All these three Magar languages are equally important in their respective speech communities. Bearing this in mind, Nepal Magar Association published a dictionary of Bāhra Magarāt last year. Then we ventured on bringing out the dictionary of the Athāra Magarāt. We believe that the publication of this dictionary of the Athāra Magarāt Magar language has brought honour not only to the Magar community, but also to the nation as a whole. Although the medium of its expression is the Magar language, what lies at the heart of this dictionary is national identity and integrity. Overwhelmed by love for his nation and duty towards his community and language, Karna Bahadur Budha Magar devoted himself to the noble cause of

the preparation of this dictionary despite the unfavourable socio-political situation. It is his deep love for the Magar community that brought him to this end– he worked despite various difficulties, suffering, and acute shortages. We are proud of him. I hope that Mr. Budha Magar will keep advancing in this noble journey to protect and preserve his (our) language ultimately for the sake of the nation and national harmony. Let his writing that started with his mother tongue continue forever. I wish him all success in this endless journey towards the prosperity of the language. The fruit of this effort does not go to the Magars only but it goes to the nation and her people as a whole.

Finally, I express my sincere gratitude to Development of Indigenous Nationalities for the Promotion of the Indigenous People, and those individuals and institutions that have supported Mr. Budha Magar from different angles.

All the contributors deserve a special mention for the financial help they gave us.

Thank you very much.

***Jit Man Pun Magar (Marshal)***

# जब मातृभाषाप्रेमले कर्ण उठेको देख्यौँ

**डा. गोविन्दराज भट्टराई**

तीनवर्ष अघि एकदिन मलाई खोज्दै कर्णबहादुर त्रिभुवन विश्वविद्यालयमा आए। म भाषाविज्ञान समाज नेपालको अध्यक्ष पनि थिएँ। भर्खरै वार्षिक सम्मेलन पूरा भएको थियो। चिनापरिचय गर्‍यौं र मैले उनलाई शनिबार पारेर आफ्नै निवासमा आउन निम्ता गरें।

त्यो दिन कर्णको हातमा **मगर-नेपाली शब्दकोश** नामक एउटा सानो पुस्तक थियो। त्यो देखाउँदै उनले भने– "सर यसलाई एउटा स्तरीय शब्दकोशमा परिणत गर्ने आकाङ्क्षा छ, तपाईं भाषाविज्ञानको मान्छे हुनुहुन्छ। प्रेमले यसमा सहयोग गरिदिनुहुनेछ भन्ने आशा गर्दछु।"

त्यसपछि मैले त्यो पल्टाएर हेरें। "मेरो क्षेत्र कोशविज्ञान (लेक्सिकोग्राफी) होइन र फेरि म मगरभाषी संस्कृति समुदायदेखि टाढाको हाल तराई मधेशको एक ब्राह्मण पुत्र हुँ, कर्णजी।" मैले उनलाई सम्झाएँ, तर कर्णले मानेनन्। ठाने हुनन् शायद त्यत्रो भाषाविज्ञान समाज, नेपालको अध्यक्षलाई, अवश्य सबै आउँछ होला।

कर्णलाई लाग्यो– मगर भाषाको ज्ञान नभए तापनि यस कर्ममा मबाट उनको यस कार्यमा प्राविधिक सहयोग प्राप्त हुनेछ। त्यसैकारणले त्यो मलाई सुम्पिएरै छाडे।

मलाई लाग्यो नेपाली भाषामा पनि किलगौर, डङ्कन, इटन, टर्नर आदिले कत्रो योगदान पुऱ्याएका छन्। नेपाली भाषाको मात्र नभई अन्य भाषाका कोश/व्याकरण निर्माणका कार्यमा अन्यभाषीले कत्रो सहयोग पुऱ्याएका छन्। **ह्योल्मो-नेपाली-अङ्ग्रेजी शब्दकोश** (२००४) का अन्ना मारिया ह्यारी (तथा छेगु लामा); **जिरेल-नेपाली-अङ्ग्रेजी शब्दकोश** (२००५) मा संलग्न एस्थर स्ट्राम र अनिता माइबौम; **राजवंशी-नेपाली-अङ्ग्रेजी शब्दकोश** (२००९)मा संलग्न वाइ एल वोङ केही उदाहरण हुन् । अरू अनेक उदाहरण छन्– धिमाल, लेप्चा, राई, भुजेल अनेक भाषाका। यति धेरै विदेशी विद्वान् र विदुषी हाम्रा भाषा संस्कृतिको अध्ययनमा अझ संरक्षणमा समर्पित भएर लागेका छन्। अझ अघि त अन्धकार समयमा अफ्रिकी जङ्गल छिचोल्दै, पामिरको पठार नाघेर, इन्दस भ्यालि यता भारतवर्षका भाषा साहित्यमा उनीहरूले नै प्रथम काम गरे। तीबाट सिकेर विस्तारै स्वदेशी विद्वान्, अनुसन्धाता, कोषकार अघि बढेका छन्।

आज मध्यपश्चिमाञ्चल पहाडको आफ्नै देशको एक समुन्नत भाषाका एक भाषाप्रेमी मकहाँ आएका छन्। मैले उनलाई सहयोग गर्न सकिनँ भने उनी कहाँ जालान् ? कर्णबहादुर बुढामगर अठार मगरात क्षेत्रका मगरभाषी, आफ्नो मातृभाषाप्रतिको प्रेमले वशिभूत भएर यसमा लागेको देख्छु। कति

वर्षदेखि उनी शब्द बटुल्न, अर्थ खोज्न, व्यवस्थित गर्न र प्रस्तुत गर्न लागे हुनन्। कोशविज्ञानको कुनै पाठ्यक्रम पढेर होइन परन्तु आफ्नै अन्तरहृदयबाट उत्पन्न भएको अन्तरप्रेरणाले अह्राएर घर छाडेका छन्, भौंतारिएका छन्, चिन्ताले गलेका छन्। आफ्ना भाषा संस्कृतिका सूक्ष्म र गूढ अर्थलाई अरूले अनर्थ गरिदेला भन्ने पीर छ, यी हराएर भूलिएर जालान् भन्ने पीर छ। भोलि विद्यालयस्तरको पाठ्यक्रम बन्ला, यो क्षेत्रीय कामकाजको भाषाको रूपमा प्रयुक्त होला परन्तु हाम्रा कोश/व्याकरण भएनन् भने के होला ? यस्तो पीरले आफ्नो जातीय उत्थानको प्रेमले, राष्ट्रिय उन्नतिको चिन्ताले गलिसकेका कर्णलाई भेट्टाएँ। उनको अनुरोधलाई मैले सहअस्तित्वको यात्रामा सम्पन्न गर्नैपर्ने कर्तव्य ठानें र उनी यसमा लागेको देखेपछि, म यतै पनि हामफालें; 'हुन्छ' भनें। त्यसपछि सङ्ग्रहको अध्ययन गरें। एउटा रूपरेखा बनिसकेको छ; सबै प्रविष्टि उनकै हुन्। तिनको वर्गीकरण, नेपाली छिचोलेर लेख्न बाँकी छ; अङ्ग्रेजीमा त्यसको अनुवाद, समानार्थी, उदाहरण आदि प्रस्तुत गर्न बाँकी छ अनि शब्दवर्ग आदि प्रष्ट्याउन बाँकी छ।

तर एक्लै हामफाल्न मलाई अलिक आँट आएन। त्यतिको समय पनि छैन। अनि मैले बलराम भाइलाई पनि गुहारें। उनले अनुवाद गरेको मेरो **एन इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज** (२००४) को रूपान्तरण **अनुवाद अध्ययन परिचय** (२०६७) कृति प्रकाशित भइसकेको थियो। मेरो उपन्यास **सुकरातका पाइला** (२०६२) को अनुवाद **सोक्रेटसिज् फुटस्टेप्स** (२०१०) को अनुवाद सम्पन्न गर्ने घडीमा थिए उनी। मलाई अनुवाद र सम्पादन कलामा ज्ञान र सीप भएको सहयात्रीको आवश्यकता परेको थियो। त्यसैले मैले बलरामलाई सम्झेर बोलाएँ। उनले एउटा प्राविधिक शब्द सङ्ग्रहमा समेत काम गरिसकेका थिए।

अब हामीले कामको जिम्मा लियौं। वर्षदिनभित्र पूरा गरिएला भन्ने अठोट थियो। यसको कामको प्रकृति जटिल र धेरै समय लाग्ने तथ्यको पूर्वानुमान गर्न सकेनौं तर हामीले थाल्यौं।

सर्वप्रथम कर्णले पुरानो बुकलाई आधार मान्दै त्यसमा नभएका नयाँ शब्द थपेर टाइप गरेर ल्याउँथे। अनि म हेरीवरि एक सर्को मिलाएर बलरामकहाँ पठाउँछु। बलराम उपलब्ध भएका पेपर र इलेक्ट्रोनिक डिक्सनरी जम्मा गरेर बसेका छन्– कोबिल्ड, अक्सफोर्ड, इन्कार्टा, थिसोरस्, उपलब्ध सबै। अनि भएसम्मका शब्दको अर्थ लेखेर ल्याउँछन्। भोलिपल्ट बिहान बालाजुपूर्व कतैदेखि हानिएर कर्ण आइपुग्छन्। चिया गिलाससँग हामी तीनतिर बस्छौं।

सर्वप्रथम एउटा शब्द टिप्यो, त्यसको उच्चारण पक्का गर्‍यो, त्यसका सूचक उनै भए; मिश्रित आइपीएमा उच्चारण लेख्यो। त्यसपछि शब्दवर्गको ठहर गर्‍यो। कति उनले गरेका थिए। अनि नेपाली अर्थमा गयौं। कति अर्थहरू अनुसारले बुझ्नुपर्ने थिए। प्रत्येक शब्दले भनेको/बोकेको अर्थबारे उनैलाई सोधेर, व्याख्या गर्न लगाएर, चित्र कोर्न, अरू प्रयोगद्वारा देखाउन लगाएर हामीले राम्ररी बुझेपछि त्यसलाई सङ्क्षेपमा फेरि प्रस्ट हुने गरी लेख्यौं; त्यहाँ पनि **नेपाली बृहत् शब्दकोश, प्रयोगात्मक नेपाली शब्दकोश** लगायतका कोश जम्मा गरेका छौं; अनेक प्रकारका द्वैभाषिक (नेपाली अङ्ग्रेजी/हिन्दी अङ्ग्रेजी कोश) राखेका छौं। तिनैको सहाराले, छलफल विधिले, अनुगमन पद्धतिले अघि बढ्दै गयौं। बिहानभरि बस्ता हामी तीनजना, अञ्जना समेत कतिबेला थपिंदा पानामा आधि नयाँ लेखनी हुन्थ्यो, कोर्ने, थप्ने, काट्ने, चिट ठोस्ने गर्‍यौं। सबै रातो मसीमा अझ व्याकरणिक कोटीहरूको बारेमा निर्णय गर्न नसकेर कति पछिलाई सार्‍यौं। यसरी एक बिहानभरिमा चार/पाँच पृष्ठभन्दा अघि बढेन। कहिले

त दुई पृष्ठले हामीलाई हैरान पाऱ्यो।

प्रत्येक दिन सक्यो, फेरि ती रङ्गीन कागजहरू कौशललाई जिम्मा दियो। उनले पनि दिनमा त्यति नै करेक्सन गरे। उता सुनिता बहिनीले पनि बलरामलाई सघाइरहेकी हुन्थिन्। तीनवर्षसम्म लाग्यौं र अन्तमा सबै सकेर छापिवरि टेकनारायण ढकाललाई गुहाऱ्यौं। उनले यसलाई गहिरो गरी अध्ययन गरे, कति सच्याए, मिलाए, भाषिक त्रुटिरहित गराए, अरू मेक्यानिक्स् सुधार गरे र २०६७ सालको अन्तिम दिनमा एकैचोटि झन्डै ४०० पृष्ठको ग्रन्थ (टाइप) हेर्न फिंजाएर बस्यौं। अन्त्यमा बलरामले एक रिडिङ दिए; मैले एकपटक हेरेर स्वीकृति जनाएं। त्यसपछि कौशल भाइ र कर्णले कति चित्र तस्विर मिलाए र सिआरसी तयार भयो।

कर्णलाई जिम्मा लगाउंदा चार वर्ष बितेका थिए। तर हामीलाई अझै डर छ, थुप्रै सन्देह छ। कतै केही छुटे होला, कतै अनर्थ भए होलान्। मगरभाषी विद्वान्ले हामीलाई के भन्ने हुन् तर फेरि हामीले मनोबल दृढ बनायौं पहिलो कर्म हुँदैछ। महानन्द सापकोटाले बीस वर्ष लगाएर व्युत्पन्नमूलक शब्दकोश निकालेपछि भनेका छन्– “पहिलो काम गर्नेले गुरुघर पाउँदैन र धेरै दुःख पाउँछ।” कर्णलाई त्यस्तै भएको हुनुपर्छ। हामी त कर्णको लौरो समाएर हिंडेकाले भन्न सक्तैनौं तर सबै यसका अपूर्णताहरू कर्णलाई खन्याएर हामी पन्छिन चाहदैनौं। यसका त्रुटि र कमजोरीमा हामी पनि उत्तिकै, अझ बढी जिम्मेदार छौं।

तर यो कुनै आर्थिक लाभको दृष्टिले गरिएको कर्म होइन। केवल कागज मसीको दाममा लाग्दा लाग्दा हुरुक्क भएर निरास भइसकेको एक भाषाप्रेमीको समर्पण र त्यागमा हामी पनि सहभागी हुन गरिएको कर्म हो। यसरी गहिरिएर लाग्ने क्रममा अठार मगरातको शब्दभण्डार देखेर मलाई ठूलो हर्षले छोपेको छ। नेपालीसँग मिल्ने धेरै शब्द छन्; कुन पूर्खा हो त्यसको निर्क्यौल गर्नु छ, नेपालीमा नभएका अत्यन्तै उपयोगी शब्द छन्, तिनलाई छानेर भाषा भण्डार भर्नु छ। भाषिक तहका अन्य अनेक सूचना छन्, यिनको समाजवैज्ञानिक, नृजातिवैज्ञानिक, भाषाशास्त्रीय अध्ययन गर्नु आवश्यक छ। औच्चारणिक भनौं ध्वनिवैज्ञानिक क्षेत्रमा अझै धेरै काम बाँकी छन्। लिपिको क्षेत्रमा हामी पसेनौं किनभने यसमा अध्येताहरूले निर्क्योल गरिसकेका छैनन्। भर्खर उठ्न खोजेका भाषामा यस्तै हुन्छ। सयौं वर्षको लिखित अभ्यास भइरहेका भाषामा पनि अझै स्थिरिकरण, स्तरीकरण बाँकी नै हुन्छ। मगर भाषाको लागि धेरै लाग्छ।

तर तीनवर्ष लामो निरन्तरताले, अठार मगरात मगर भाषा शब्दसँगको सम्पर्कले धेरै कुरा बताएको छ। यी कुराको संयोजन गरी जीवनमा कपिएको यो विचित्रको अनुभवलाई लिपिबद्ध गर्दै जानु छ।

कति मगरभाषी मित्रजनलाई हाम्रो प्रयत्न अपूर्ण र अनौठो लाग्ला। तर यो उहाँहरूकै प्रेमले गरिएको एउटा यस्तो कर्म हो जसले हाम्रो देशको प्राचीन संस्कृति भण्डारको ढोका अन्य सबैतिर पुग्नसक्ने छ। यसबाट अन्य भाषीलाई पनि प्रेरणा मिल्न सक्छ। हामी केही गर्न सक्छौं, आपसी सहयोग र विश्वासले सहअस्तित्वको जग बसाल्न मात्र भएपनि सक्छौं भन्ने विश्वास दिलाउन चाहन्छु।

आज म, बलराम, अञ्जना, टेकनारायण, कौशल, सुनिता सबै एउटा सपना पूरा गर्ने कर्णलाई मगर नेपाली अङ्ग्रेजी शब्दकोशको सिआरसी बुझाएर उनलाई अनेक सफलताको लागि शुभकामना दिन भट्टराई निवास कीर्तिपुरमा उभिएका छौं। यस्ता त्यागी भाषाप्रेमी जातिप्रेमीलाई सर्वप्रथम सम्पूर्ण

मगर जातिले साथै अन्यहरूले स्वागत गर्ने छन्– हामीलाई यसमा विश्वास छ।

मगर भाषा विषयमा उपलब्ध केही सामग्रिको अध्ययन गर्‍यौं। तर गहिरो गरी यसको ध्वनि वर्ण, लिपि, शब्द, वाक्य र वाक्येतरतहका अनेक तहमा पुग्न सकिएन, भ्याइएन। भएको अल्पज्ञानका भरमा कर्णजीमा अडिएर यो कार्यको सम्पादन गरिएको छ।

योसहित मैले आजसम्ममा एक दर्जन जति कृति सम्पादन गरें हुंला तर २०६६ देखि क्रमशः गरिएका यी तीनवटा कृतिले मलाई निथारेका छन्– ती क्रमशः **पूर्वीय चिन्तन परम्परा** (२०६६) **झापा दिग्दर्शन** (२०६७) र **मगर शब्दकोश** (२०६८) रहेका छन्।

मगर भाषाका ध्वनि सङ्केत, उच्चारण, शब्द वर्ग, व्याकरणिक कोटी र अन्य परिचयबारे हामीले यहाँ राख्नको निमित्त कर्णबहादुरले तयार पारेको लेखनबाट मूल कुरा साभार गरेका छौं। यसमा उठेका प्रश्न, सन्देह, सल्लाह आदि सबै कुरा उनै कर्णतिर फर्केर सम्बोधन गर्नु होला। त्यसो त हाम्रो जिम्माका कर्मप्रति हामी नै जवाफदेही हुनेछौं। यो ससानो गोरेटो हो, धेरै प्रयत्नले एकदिन यो एक राजमार्ग हुनेछ। त्यसमा हजारौं यात्री वारपार चल्न सक्नेछन्।

*जेठ २०६८*
*ट्याङ्लाफाँट, कीर्तिपुर*
*tu.govinda@gmail.com*

*प्राध्यापक (अङ्ग्रेजी)*
*त्रिभुवन विश्वविद्यालय*
*काठमाडौं, नेपाल*

# In Praise of a Most Commendable Work Accomplished by Karna Bahadur Budha Magar

**Govinda Raj Bhattarai, PhD**

Three years ago Karna Bahadur Budha Magar came to see me at the university. I was the president of the Linguistics Society of Nepal. We had just finished the annual conference of the Society. After introducing ourselves to each other, I invited him to my own residence at Tyānglaphānt on Saturday.

That day he came with a book **Magar-Nepali Dictionary** in his hand. He said, "Sir, I want to develop this as a standard dictionary. It's my dream. You're a linguist, I hope you can help me."

I flipped through the book. "I don't belong to lexicography. Moreover, I am a Bhrāman from the Terāi. I am not familiar with the Magar community and its culture." I told him my reality, but he did not seem to step back. He might have thought that how come the president of the Linguistics Society would not know about language and its mechanism.

He might have thought, though not the speaker of the Magar language, I could help him in the technical aspect of lexicography. He entrusted the work to me.

I knew that the foreigners like Kilgaur, Duncan, Ayton, Turner have made invaluable contribution to the Nepali language. Many foreigners have contributed to the development of dictionaries and grammars of other languages of Nepal. These and many subsequent scholars are best remembered for their selfless devotion to the promotion of Nepal's languages and cultures though their contributions are not free from criticism and sometimes questions. Today I see one of the richest indigenous languages spoken in the Mid-Western region knocking on my door asking for help. If I failed to help, where else he would go! Overwhelmed by his love for his mother tongue, I found him fully devoted to the preservation and promotion of his language and culture. I am not sure how many years he might have spent in the collection of words, and their meanings and compilation. Not backed up by any theoretical knowledge from any books of linguistics, but propelled by his own intuition and his love for the language issued from the bottom of his heart, he left home to venture on this noble journey. He wandered and is still wandering around for collection of words, accuracy

of their meanings and cultural representations. He is worried that the words of his language might slide into oblivion. His main worry is how his language, if recognized as a regional official language by the nation in future, can function successfully in the absence of a standard dictionary. Similarly, the school level curriculum of the Magar language cannot sustain unless the language has its own dictionary and written grammar. We came across Karna, who was bent on promoting his language and culture. His request for me was a kind of duty that we were supposed to fulfil together for our own coexistence. He had thrown himself into this venture knowingly or unknowingly and I thought I too had no alternative but to do the same. I said 'YES'. Then I studied the collection of words. It had an outline. All entries came from himself, some requiring systematic classification, most requiring Nepali equivalents and all requiring English equivalents.

But I could not pluck courage to start the work alone. I sought help from Bal Ram. His translation of my book **An Introduction to Translation Studies** as **Anubād Adhyan Parichaya** had just come out from Ratna Pustak Bhandār. And he was on the way to finalizing the translation of my novel **Sukarātkā Pāilā** as **Socrates's Footsteps**. I needed someone who had knowledge in translation art and skill both. I talked about the project to Bal Rām. He had some working experience in compiling and editing the glossary of technical terms.

From the outline we could see that the work was going to be a trilingual dictionary: entries from Magar followed by Nepali and English equivalents.

We took charge of the work. We thought that we would complete it within a year. Now we all realize that we started the project without understanding its complexity and envisaging the time it was going to take.

Karna used the previous book as an outline and added many more later. I would send the list of the Magar words with their Nepali translations to Bal Ram's to translate Nepali into English. He would sit in front of the computer loaded with electronic tools– Cambridge Advanced Learner's Dictionary, Oxford Advanced Learner's Dictionary (7th edition), Oxford Advanced Learner's Dictionary (8th edition), MACMILLAN English Dictionary (2nd edition), Collins COBUILD Dictionary (2006), Encyclopedia Britannica 2009, Ultimate Reference Suite, Encarta Premium DVD (2009), and his low table where rests a stack of paper dictionaries, monolingual and bilingual both. Likewise, Sunitā was helping him, especially in finding the medical terms in English wherever required.

Karna would show up in study room somewhere from the corner of Bālāju early the next morning. We three sat together, three cups of tea on the table in front of us.

We would pick up/begin a word at a time, conform its pronunciation (for this Karna himself was the key informant for us), write the symbol by adjusting it to IPA system. Then we would move to word class. Some words had correct membership while others had to be assigned with different membership. Confirming and re-

writing the Nepali meanings to Magar entries was our third step. In some cases, we had to work with our hunch. This required Karna as the informant to illustrate the context by supplying us with illustrative sentences, pictures, drawings, gestures and so on. We would rewrite the Nepali version as precisely as possible. For this we used Nepali Brihat Shabdakosh and Prayogātmak Nepali Shabdakosh. While working on Nepali-English translations we took help of various bilingual dictionaries available like Shankar Raj Pathak's ( 2007), Narendramani Adi's (2004), Chunamani Bandhu's (2952 BS), etc. We inched our way through the narrow passage of three languages and cultures. In one sitting we could hardly finalize more than 3/4 pages even when we were often accompanied by Anjana, another important member assisting in the work. Some pages required rewriting, heavy editing while others minor corrections. In some cases, we had to keep the pages aside when we could not confirm the word classes of certain words.

The colourful pages would go to Kaushal's desk for correction in the soft copy. After three years' hard work the first draft was printed out. Tek Nārāyan Dhakāl's help for proofreading. He worked meticulously to make the work error-free. Then I sat with the 400-page dictionary on the last day of 2067.

Finally, Bal Rām gave it a final reading. I revisited and finalized the work. Kaushal and Karna sat together to put the pictures and sketches. Then the CRC was prepared for the press.

We handed over the work to Karna after four years' relentless efforts. In some cases, we still have doubts about accuracy, correct interpretation and representation of Magar words in Nepali and English. We are not sure how Magar scholars will respond to our work. Nevertheless, our morale is fairly high, for it is the first work in the Magar language from Athara Magarat region. The famed writer and lexicographer Mahānanda Sāpkotā, who spent twenty years towards the compilation of his magnus opus Etymological Dictionary of Nepali, the first work ever (1980 ), once said, "someone who does something first finds no guidance and leadership. They are bound to suffer a lot". Likewise our Karna might have suffered the same fate. We would not say that we led him in the work. Rather, it was he who guided us. However, it does not mean that we want to step aside by attributing its errors and weaknesses to Karna alone. We all are equally responsible for success and failure both.

We are surprised to see the richness of Magar vocabulary. There are many words commonly found in the Nepali language. We need to verify/identify their etymological sources. There are many words which could be very useful for Nepali speakers. We should enrich the Nepali language by borrowing such words. There are many grey areas at different linguistic levels that require research from the perspectives of sociolinguistics, anthropology and linguistics. Phonology is one of such areas that is waiting for scientific study. We have not entered into its script, for it is another important area where experts and researchers lack consensus. This is a common feature of any developing languages. Even the languages that have a century-long tradition of

writing system are in the process of standardization and stability. The Magar language has a long way to go ahead in this regard.

We learned many things from our three years of acquaintance with the Magar language. We need to document these experiences.

Some Magar speakers may find our work strange and incomplete. In fact, it was our love for them and their rich language and its culture that drove us to this noble cause. It was our desire to open the door of the ancient treasure of our nation to the outside world through Nepali and English. We hope this work will inspire speakers of other languages too. I'd like to reiterate we can lay at least the foundation of coexistence through mutual cooperation and trust.

We would like to congratulate Karna on his achievement. "The dream you have been chasing for a decade has come true." This is what we would like to convey to Karna from Bhattarāi Residence, Tyānglāphānt. We firmly believe that the whole Magar community will welcome and acknowledge his devotion and contribution.

*July 2011*
*Tyānglāphānt, Kirtipur*
*tu.govinda@gmail.com*

*Professor of English*
*Tribhuvan University*
*Kathmandu, Nepal*

# दुई शब्द

जनआन्दोलन (२०६२/६३) पश्चात् राज्यले भर्खरै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको छ। लगत्तै सङ्घीय प्रणालीको पनि संस्थागत विकासको अभ्यासका क्रममा रहेकाले विविध जातजाति मिलेर बनेको यो नेपालरूपी सुन्दर फूलबारीमा सबै जातजाति र भाषाभाषीलाई फुल्ने र फल्ने वातावरण बन्न थालेको आभास हुन थालेको छ। वास्तवमा आफ्नो जाति, भाषा, संस्कृति र धर्मलाई नै मौलिक पहिचान, अस्तित्व र स्वाभिमानको प्रश्नसँग जोडेर माया गर्ने व्यक्ति नै राष्ट्रको लागि एउटा सच्चा नागरिक हुन सक्दछ। उसका लागि आफ्ना भाषाका शब्दहरू नै सुमधुर साङ्गितिक धुन हुन्छन् अनि साङ्ग्रिलाको सुन्दर पुष्प। मलाई लाग्छ यी सुमधुर धुनभित्र अठार मगरात मगर भाषा पनि समाहित भएर गुञ्जायमान छ। अनि बहुजातीय, बुहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधताले युक्त नेपालरूपी सुन्दर भूस्वर्गभित्र यो अठार मगरात मगर भाषा पनि शोभायमान भएर फुल्न थालेको छ।

यो सुन्दर भाषा कथ्य अवस्थाबाट लेख्य अस्तित्वमा आउनै लागेका बेला विगतदेखि वर्तमानसम्म हरेक कोणबाट विविध प्रकारका रङमा विभिन्न नियत र षड्यन्त्रहरूको शिकार भइरहेको तथ्य घाम झैं छर्लङ्ग छ। ठीक त्यही बेला यसलाई लिखित दस्तावेजको स्वरूप प्रदान गरी न्याय दिने महत्त्वाकाङ्क्षा मभित्र अङ्कुराउन थाल्यो। अनि विभिन्न असहज परिस्थितिहरूसँग जुध्दै, भिड्दै यो कोश निर्माण गर्ने शिलान्यासको साइत जुराएँ। परियोजनालाई निर्बाध तवरले अगाडि बढाउन एउटै जातीय समुदाय भएर पनि यसभित्र विद्यमान उच्च र निम्न तहको भनी परोक्ष रूपमा बुझ्ने र बुझाउने तथा कुनै एउटा नयाँ जातिको उदय गराउन खोज्ने रणनीति एवम् सोही अनुसारको कुनै पनि चलखेल निरुत्साहित गर्नु अनिवार्य थियो। सङ्कीर्णताभन्दा माथि उठ्नु पर्दछ, विभेदकारी चलखेललाई निषेध गरिनु पर्दछ, सहअस्तित्व र समावेशी एवम् आपसी भाइचाराको सम्बन्ध सुमधुर हुने चरित्रको सुन्दर समाजको निर्माण गर्नुपर्छ भन्ने मेरो परिकल्पना थियो। सोही अनुसार आवाजको उठान पनि गरियो। यो प्रयास निरन्तर रहिरह्यो। तर ती मेरा प्रयासका आयतन अधिकारकर्मीभन्दा एउटा सर्जक भएर पनि अलिक बढी नै भयो भन्ने पनि ठानिदिए कि ! तथापि आफ्नो जातीय उत्थानको लागि लाग्नुपर्दछ, मगर इतिहास, गौरव र विरासतलाई जोगाउनुपर्दछ भनेर अरूलाई उठाउने प्रयास गरिरहें। परिणामस्वरूप आदिवासी जनजाति महासङ्घमा प्रकाशनको लागि पेश गरिएको (पूर्व अध्यक्ष श्री पासाङ शेर्पाद्वारा स्वीकृत) परियोजना प्रस्ताव तथा सयौं मेरा अनुनयविनयलाई वर्तमान अध्यक्ष श्री राजकुमार लेखीद्वरा ठाडै लत्याइदिएर मगर समुदायको यो भाषालाई ठूलो अपमान गर्ने काम भयो। यसबाट मगर, थारूलगायत नेपालका अन्य जनजातिहरूबीच आपसी सद्भाव हुँदाहुँदै सोही पृष्ठभूमिबाट आएर आदिवासी जनजाति महासङ्घमा अध्यक्षको रूपमा प्रतिनिधित्त्व गर्ने व्यक्तिको यस

मगर भाषाप्रति भएको पूर्वाग्रह र उपेक्षाले मगर समुदायको लागि मात्र नभएर समग्र जनजातिबीच एउटा दुखद घटना सावित भएको छ। यसबाट आदिवासी जनजाति महासङ्घ ठूलो जनसङ्ख्या भएको जाति र गैरराजनीतिक व्यक्तिको हितमा छैन भन्ने आम बुझाइ अरू स्पष्ट भएको छ। सबै जनजातिहरूको साझा अभिभावकीय संस्थाको रूपमा रहेको भनिएको एउटा जिम्मेवार निकाय र व्यक्तिबाटै यसरी उपेक्षित बन्नुपरेकाले सहयोगीको खोजीमा हारगुहार गर्दागर्दै यस पुस्तक अस्तित्वमा आउन सोचेभन्दा अरू दुई वर्ष बढी कुर्नुपऱ्यो। अनि थुप्रै अभाव र उपेक्षाले गर्दा यस भाषाको विस्तृत अध्ययन र अनुसन्धान गरेर मात्र शब्दकोशलाई प्रकाशमा ल्याउने आकाङ्क्षा अपूरो रह्यो।

यस कोशमा शब्दकोश सम्पादनको बहुमान्य मापदण्डलाई अति अनुशासनका साथ पछ्याउँदै शब्दकोश निर्माणका दुई भिन्दाभिन्दै प्रचलनहरू– प्रायः मूलशब्दको तुलनात्मक अनुवाद गरिने द्विभाषीय शब्दकोशको प्रचलित परम्परा र शब्दको व्याख्या गरी अर्थ्याउने एकभाषीय शब्दकोशको निर्माण पद्धति दुवैलाई एकै ठाउँमा अभियोजन गरेर नवीन शैलीको शुरुवात गरिएको छ। अतः पुस्तक प्रयोक्ताका लागि मूल शब्दको पूर्ण जानकारी लिन खास परिस्थिति, प्रसिद्ध पुस्तक तथा विद्वान्हरू बाहेक अन्यको सहारा लिने झन्झट सकभर कम हुने विश्वास लिइएको छ।

पुस्तक तयार पार्ने क्रममा असीमित उपेक्षा, वाधा, व्यवधान र दबाबहरू भोग्नु पऱ्यो। अनि विविध रूप र रङमा हरेक कोणबाट यो जातिमाथि धावा बोल्दै यस जातिको ऐतिहासिक बिरासतलाई नै समाप्त पार्न लागिपरेका ती शक्तिहरूसँग एकाध सहृदयी व्यक्तिविशेषका सामान्य सहानुभूति र समर्थनको बलमा स्वाभिमानको लडाइँ एक्लै लडिरहनु पऱ्यो। आफ्नो समुदायबाट समेत खासै उल्लेखनीय सहयोग र सहानुभूति नपाएकाले सहाराविहीन लामो यात्रामा अगाडि बढिरहँदा थकाइ लागेर विश्राम लिन मात्र खोजेको थिएँ ठीक त्यही बेला नेपाल भाषाविज्ञान समाजका अध्यक्ष प्रा.डा. श्री गोविन्दराज भट्टराईलाई भेटेँ जसले यसलाई अरू परिस्कृत स्वरूपमा अस्तित्वमा ल्याउनुपर्दछ भनेर सुझाव दिनुभयो। अनि शब्दकोश निर्माणकालमा अनुगमनको जिम्मेवारी पनि निर्वाह गरिदिनु भयो। यस क्रममा अङ्ग्रेजी भाषा सम्पादन कार्यमा श्री बलराम अधिकारी; नेपाली शुद्धाशुद्धिका लागि श्री टेकनारायण ढकालले पनि आ-आफ्नो क्षेत्रबाट अतुलनीय योगदान पुऱ्याउनु भएको छ। सम्पादनका क्रममा डा. अञ्जना भट्टराईले प्रदान गर्नुभएको हौसलालाई सम्झिरहेको छु। उहाँहरूकै सहयोग र प्रेरणाले गर्दा कोश आज यो स्तरसम्म आइपुग्न सम्भव भयो। साथै श्रीमती सुनिता अधिकारीले चिकित्सकीय शब्दहरूका परिभाषा निरन्तर उपलब्ध गराइरहनु भयो। यस्तै गरी ध्वनि पहिचानमा प्रा.डा. माधवप्रसाद पोखरेल; देवनागरी लिपि मानकीकरणका लागि प्रा.डा. हेमाङ्गराज अधिकारी; लेआउट डिजाइन गरिदिने श्री कौशल खाकी आदि सबैप्रति आभारी छु। यस्तै गरी परियोजनाको अति महत्त्वपूर्ण पाटो आर्थिक पक्षमा खुला हृदयका साथ सहयोग गर्ने समाजसेवी, संस्था तथा व्यक्ति, व्यक्तित्त्वहरूमा विश्व मगर सङ्घ, बेल्जियमका अध्यक्ष श्री लक्ष्मण बुढामगर; नेपाल मगर प्रतिष्ठानका अध्यक्ष श्री सुरेन्द्र पुनमगर; लुकुमका समाजसेवीत्रय श्री जितमान पुनमगर; श्री वीरप्रसाद घर्तीमगर तथा हर्कबहादुर घर्तीमगर; मगर सेवा समिति टोकाइ जापान; तकका श्री सूर्य बुढामगर; तल्लो सेराका श्री विक्रम बुढामगर; तकबाटै श्री वीरजङ बुढामगर; श्री जनक बुढामगर; श्री निधान, शिरकुमार एवं दिलकुमार बुढामगरले पुऱ्याउनुभएको योग अविस्मरणीय छ। यसरी नै अन्य क्षेत्रबाट योगदान पुऱ्याउनेहरूमा रुकुमबाट मा. मन्त्री श्री लोकेन्द्र बिष्टमगर; रोल्पाबाट बमकुमारी बुढामगर, नवीन रोकामगर; मा. मन्त्री ओनसरी घर्तीमगर; श्री कुलमान बुढामगर; बाग्लुङबाट श्री झकेन्द्र घर्तीमगर, भल्कोटका श्री पूर्णबहादुर घर्तीमगर;

उदयपुरबाट पूर्वमन्त्री मा. अशोक राई एवम् श्रोत उपलब्ध गराउनेमा पूर्व मा. वमकुमारी बुढामगर, श्रीमती गजु पुन, श्रीमती ऐनकुमारी, शिरकुमारी, स्व. लहरी (लक्ष्मी) तथा दिलपुरी बुढामगर आदिले धेरै भन्दा धेरै ठूलो गुन लगाउनुभएको छ। स्वयम्लाई आदर्श समाजसेवीको रूपमा परिभाषित गर्न सफल ती उदार व्यक्तिव्यक्तित्त्वहरूकै कारण आज समाज र समुदायलाई केही दिने मेरो सपना पूरा भएको छ। अनि विगतदेखि वर्तमानसम्म हरेक कोणबाट मिचिँदै र थिचिँदै आएको यो मगर भाषा र संस्कृतिले मगर समुदाय र सिङ्गो राष्ट्रकै मूल्यवान् एवं अदृश्य सम्पदाले सार्थक जीवन पाएको छ। अतः यो सफलताको श्रेय दिंदै उहाँहरू सबैप्रति विनम्र आभार व्यक्त गर्दछु।

मेरो समुदाय र राष्ट्रको यो अमूल्य सम्पदालाई अस्तित्वमा ल्याउने मीठो सपनै सपनालाई नै मैले मेरो व्यक्तिगत जीवन सम्झें। जिन्दगीका धेरै महत्त्वपूर्ण संरचनाहरूलाई भत्काउन पुगें। यस क्रममा खासगरी बालबच्चाको शिक्षादीक्षा प्रभावित हुनपुग्यो। अनि, अभाव र पीडामा छटपटाइरहँदा धेरैका अपमान र उपहासको पात्र पनि भएँ। यत्ति हुंदाहुंदै पनि विभिन्न पक्षबाट आएको दबाब, उपेक्षापूर्ण व्यवहार अनि विभिन्न प्रलोभन यस कर्मका तुलनामा सबै गौण विषय मानें। यस कार्यानुभवबाट विशुद्ध सामाजिक सेवाभावका साथ निस्वार्थ रूपले अगाडि बढ्नेलाई विभिन्न प्रकारका पीडाहरू पनि भोग्नुपर्दो रहेछ भन्ने यथार्थलाई धेरै नजिकबाट नियाल्न पाएँ। कसैकसैले त अति आदर्शवादीको बिल्लासमेत भिराए। तथापि आइपरेका समस्याका ती उकाली ओराली घुम्तीरूपी असहज अवस्थाहरू सबैलाई दुःखसुखले पार गर्दै यो बिन्दुसम्म आइपुग्न सफल भएँ। यिनै असीमित पीडा, उपेक्षा र अपमान एवम् अनुभवका बीचबाट जन्मेको यो दस्तावेज, आज तपाईंको हातसम्म आइपुगेको छ। आगामी दिनहरूमा यस्ता प्रकारका थुप्रै समस्याहरूको पुनरावृत्ति नभएर समयले साथ दिएको खण्डमा यसलाई अरू परिस्कृत स्वरूपमा अगाडि बढाउने मेरो प्रयास यथावत् रहने छ।

